# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलीचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## गाडी भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
**(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०१/०५)**

चालु आ.व. २०८१/०८२ को असार मसान्त सम्मका लागि यस सुनिलस्मृति गाउँपालिकाको कार्यालयको कार्यालय प्रयोजन तथा योजना अनुगमन/निरीक्षण, सुपरीवेक्षण र फिल्ड भिजिट लगायतका कार्यको लागि सुनिलस्मृति गाउँपालिकाको सबै बडाका बाटोहरुमा सञ्चालन हुन सक्ने नेपाली नम्बर प्लेट भएको चारपाङ्ग्रे हलुका सवारी साधन थान १ (एक) भाडामा लिनुपर्ने भएकाले तपसिल बमोजिमको मापदण्ड र शर्तको अधिनमा रही भाडाको गाडी वा निजी गाडी भाडामा दिन इच्छुक सवारी धनी/फर्महरुलाई दोश्रो पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा यस कार्यालयको राजश्व शास्वा वा ग्लोबल आईएमई बैंकमा रहेको आन्तरिक राजश्व खाता नं, ०८२०४०१००००१८ मा दस्तुर रु.१,०००/-(एकहजार) तिरेको रसिद सहित सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि मिति २०८१/१२/२८ को कार्यालयको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ। पेश भएका सिलवन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मितिले ८ औं दिनको ११:०० बजे खोलिनेछ। उक्त दिन बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन ११:०० बजे खोलिनेछ ।

**तपसिलः**

१. सिलवन्दी दरभाउपत्र पेश गर्दा विमा र सवारी नवीकरण भएको सवारी दर्ता प्रमाणपत्र, सवारी चालक चालक अनुमतिपत्रको प्रतिलिपी, फर्मको हकमा फर्म दर्ता तथा नवीकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता भएको प्रमाणपत्र र आ.व.२०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारिक प्रतिनिधि पठाई सिलबन्दी दरभाउपत्र दर्ता गर्न सकिनेछ

२. कार्यालयले तोकेको दरभाउपत्रको प्रत्येक पानामा सहीछाप गरी प्रत्येक आईटमको दररेट बैंक र अक्षर दुवैमा प्रष्ट लेखि सिलबन्दी गरी पेश गर्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।

३. रीत नपुगी आएका, म्याद नाघी आएका वा अन्य शर्त राखी पेश हुन आएका दरभाउपत्र मूल्याङ्कनमा समावेश गरिनेछैन ।

४. सवारी साधन चालकको पारीश्रमिक तथा अन्य सुविधा र सवारी साधनको मर्मत सम्भार, सर्भिसिङ्ग, लगायत अन्य खर्च (इन्धन बाहेक) सवारी धनीले गर्नुपर्नेछ ।

५. सवारी साधन भाडामा लिए पश्चात सम्झौता अवधिभर कार्यालयको आवश्यकता अनुसार जुनसुकै समयमा उपलब्ध गराउनुपर्नेछ साथै कार्यालयको अनुमति बिना अन्य प्रयोजनको लागि सवारी साधन प्रयोग गर्न पाइनेछैन ।

६. प्रस्तावित दरभाउ रकममा १० प्रतिशत बहाल कर कट्टा गरी मासिक रुपमा भुक्तानी गरिनेछ ।

७. सम्भावित दैविप्रकोपबाट हुने क्षतिको सम्बन्धमा स्वयम सवारी धनी जवाफदेही हुनेछ ।

८. सवारी बिग्रिएर सेवा दिन असमर्थ भएमा वैकल्पिक सवारी साधनको व्यवस्था गर्ने जिम्मा सवारी धनीको हुनेछ,अन्यथा उक्त अवधिभरको दिनगन्तीका हिसाबले रकम कट्टा गरिनेछ ।

९. उल्लेख नभएका शर्तको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**सवारी साधनमा हुनपर्ने मापदण्डहरूः**

१. चारपाँग्रे सवारी साधन (फोर हिलर), अफ रोडको लागि उपयुक्त, राम्रो कन्डिसन भएको,

२. कम्तिमा ५ सिट यात्रु क्षमता भएको

पुनश्चः कार्यालयको हितलाई ध्यानमा राखी पेश भएका शिलबन्दी दरभाउपत्रहरु पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयको हुनेछ ।

२०८२/०१/०५

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत



इमेल:info@sunilsmritimun.gov.np,ito@sunilsmritimun.gov.np वेबसाइट:sunilsmritimun.gov.np फोन नं:०८६-४०११५२,७०